**Patan Pragya** *(Volume: 6, Number: 1 2020)*

Received Date: Jan. 2020 Revised: April 2020 Accepted: June 2020

# गुरुप्रसाद मैनालीको ...छिमेकी कथाको आख्यानसंरचना

ढकाल चन्द्रप्रसाद

## वस्तुसार

*'छिमेकी' कथाका लेखक गुरुप्रसाद मैनाली (१९५७ - २०२८) हुन् । उनले यस कथामा नेपाली समाजमा रहेको छिमेकी छिमेकी बिचको सम्बन्धलाई मुख्य विषयवस्तु बनाएका छन् । यस विषयवस्तुलाई पूर्णता दिनका लागि उनी गुमाने र धनजीते मुख्य पात्र भएको घटनालाई लिएर कथानकको निर्माण गर्छन् । आख्यानसंरचनाका विविध पद्धतिहरूमध्ये यस अध्ययनमा विलियम ल्याबोभद्वारा प्रस्तुत आख्यानसंरचनाका घटकहरू सारकथन, अभिमुखीकरण, जटिल कार्य, परिणाम र निष्कर्ष, मूल्याङ्कन र समापनकका आधारमा निगमनात्मक विधिद्वारा 'छिमेकी कथाको विश्लेषण गरिएको छ । यस विश्लेषणबाट गुरुप्रसाद मैनालीको 'छिमेकी' कथामा आख्यानसंरचनाका घटकहरूको अन्विवितिपूर्ण प्रयोग भएकै कारण यो कथा उत्कृष्ट भएको हो भन्ने निष्कर्ष निकालिएको छ । 'छिमेकी' कथालाई आख्यानसंरचनाको सिद्धान्तका आधारमा विश्लेषण गरिएको प्रस्तुत अध्ययन आख्यानसंरचनाका आधारमा कथाहरूलाई बुझ्न चाहने पाठक तथा आख्यानसंरचनाका आधारमा विश्लेषण गर्न चाहने समालोचकहरूका लागि उपयोगी सामग्री रहेको छ ।*

विशिष्टीकृत शब्द : सारकथन, अभिमुखीकरण, जटिल कार्य, परिणाम, मूल्याङ्कन, समापन, द्वन्द्व ।

## १ विषयपरिचय

गुरुप्रसाद मैनाली (१९५७-२०२८) आधुनिक नेपाली कथाका आरम्भकर्ता हुन् । उनको वि.सं. १९९२ को शारदा पत्रिकामा 'नासो' कथा प्रकाशित भएपछि नेपाली साहित्यमा औपचारिक रूपमा आधुनिक काल भित्रिएको हो । सङ्ख्यात्मक हिसाबले उनका कथाहरू थोरै छन् तर गुणात्मक हिसाबले महत्वपूर्ण रहेका छन् । उनका कथाले नेपाली समाजको यथार्थतालाई मात्र प्रस्तुत गरेका छैनन् कि नेपाली साहित्यलाई निश्चित उचाइ दिने कार्य पनि गरेका छन् । गुरुप्रसाद मैनालीका जम्मा ११ ओटा कथाहरू रहेका छन् । उनका यी ११ ओटा कथाहरूलाई सङ्कलन गरी वि.सं. २०२० मा प्रकाशित गरिएको पाइन्छ । गुरुप्रसाद मैनालीको *नासो* कथासङ्ग्रहभित्र रहेका कथाहरूमध्ये 'छिमेकी' एक हो । यस अध्ययनमा गुरुप्रसाद मैनालीको 'छिमेकी' कथालाई समाख्यानशास्त्रीय आख्यानसंरचनाका आधारमा विश्लेषण गरिएको छ ।

समाख्यानात्मक संरचनाको खोजी गर्ने विद्वान् विलियम ल्याबोभ हुन् । उनले समाख्यानात्मक सङ्कथनको संरचना र त्यसलाई विभाजन गर्ने आधारहरूका बारेमा विशेष रूपले व्याख्या गरेका छन् । प्रस्तुत शोधप्रबन्धमा ल्याबोभले प्रस्तुत गरेका सैद्धान्तिक आधारहरूमा रहेर नै गुरुप्रसाद मैनालीका कथाहरूको आख्यानसंरचनाको खोजी गरिएको छ ।

## २. सैद्धान्तिक पर्याधार

संरचावादका प्रणेताका रूपमा सस्युरलाई लिइन्छ । उनले साहित्यिक कृतिलाई वस्तुपरक अध्ययन गरिनुपर्छ भन्ने मान्यता राख्दै संरचनावादी सिद्धान्तको प्रतिपादन गरेका हुन् । उनको यो सिद्धान्तलाई उनीपछिका विभिन्न विद्वान्हरूले अलग-अलग तरिकाले व्याख्या गरेका छन् । संरचनावादका अनेक रूपलाई

आफूअनुकुल व्याख्या गरिएको भए पनि नेपाली सन्दर्भमा संरचनावादका समग्र प्रसङ्गहरूलाई एकीकृत गरी प्रस्तुत गर्ने प्रयास गरिएको पाइन्छ । यसै सन्दर्भमा वासुदेव त्रिपाठीले *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग-२* (२०४९, तस्रो सं.) नामक पुस्तकमा संरचनावादको परिचय दिँदै संरचनावादी विधागत नवस्थापनाअनुरूप आख्यानात्मक संरचनाका परस्पर-निर्भर तीन मुख्य घटकका रूपमा क्रिया (घटना), कर्ता (पात्र-चरित्र) र परिणाम (थिम : समग्रार्थ)-लाई डा. सुरेशकुमारले र अरूले पनि प्रस्तुत गरेको पाइने बताएका छन् । यिनले आख्यानको संरचनाका सम्बन्धमा आफ्नो राय प्रस्तुत गरेका हुन् । त्यसै गरी संरचनावादी समालोचनाका क्षेत्रमा महŒवपूर्ण अनुसन्धान गर्ने खगेन्द्रप्रसाद लुइटेलले *कविताको संरचनात्मक विश्लेषण* (२०६२) शीर्षकको संरचना, संरचनावाद, संरचनावादी समालोचना पद्दति जस्ता नवीनतम सिद्धान्त र मान्यता प्रस्तुत गरेका छन् । उनले यस पुस्तकमा प्रगीतात्मक, आख्यानात्मक र नाटकीय गरी तीनै खाले संरचना भएका कविताको संरचनात्मक प्रारूप तयार पारी त्यसै तथा विभिन्न कोणबाट परिभाषित र वर्गीकृत गरी तिनको स्वरूप, संरचना, संरचनात्मक प्रकार, संरचनात्मक घटकसम्बन्धी सैद्धान्तिक अवधारणाको एकीकृत र प्रामाणिक प्रस्तुत गरेका छन् । उनले कथाको संरचना विश्लेषणका लागि विभाजन, सङ्गठन, वस्तु, सहभागी र सहभागिता, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीय विन्यासलाई आधार बनाएका छन् । यसरी नेपाली साहित्यिक कृतिको विश्लेषणमा क्रममा पनि संरचनावादी पद्दतिमा समानता रहेको पाइँदैन ।

संरचनावादी समालोचनाका विविध रूपमध्ये समाख्यानशास्त्रीय संरचना एक हो । समाख्यनात्मक आख्यानसंरचनाको बारेमा पनि विभिन्न विद्वान्हरूले आ-आफ्नो राय प्रकट गरेका छन् । तीमध्ये विलियम ल्याबोभद्वारा प्रस्तुत आख्यानसंरचनाको सैद्धान्तिक मान्यताअनुरूप यस अध्ययनमा गुरुप्रसाद मैनालीको 'परालको आगो' कथालाई विश्लेषण गरिएको छ । ल्याबोभले आफ्नो पुस्तक *ल्याङ्ग्वेज इन इनर सिटी* (ई. १९७२) मा आख्यानको संरचनामा सारकथन, अभिमुखीकरण, जटिल कार्य, परिणाम र निष्कर्ष, मूल्याङ्कन र समापन रहने कुरा व्यक्त गरेका छन् । ल्याबोभद्वारा प्रस्तुत आख्यानसंरचनाका यिनै आधारहरू प्रस्तुत अध्ययनको सैद्धान्तिक आधार रहेको छ । उनले प्रस्तुत गरेका संरचक घटकहरूमा निम्नानुसारका कुराहरू रहने उल्लेख गरेका छन् :

२.१ सारकथन

विलियम ल्याबोभले आख्यानमा सबैभन्दा पहिले सारकथन आउने बताएका छन् । उनका अनुसार सारकथन यस्तो पदावली हो जसले आख्यानले बताउन खोजेको मूल विषयलाई सारका रूपमा कथाभित्र प्रस्तुत गर्दछ । यो विशेष गरी आख्यानको आरम्भमा आउने गर्छ । तर कथानकको चयनअनुसार सारकथन अन्यत्र पनि आउन सक्छ । यसमा समाख्याताले एउटा-दुइटा वाक्यमा कथालाई सारांशीकृत गरेको हुन्छ, त्यही सारांशीकृत रूप नै सारकथन हो । त्यसै गरी यसको प्रस्तुतिमा पनि विविध पद्दतिहरू प्रयोग भएको हुन सक्छ । यस्ता पद्दतिमा कतिपय अवस्थामा समाख्याताले प्रश्नात्मक शैलीको पनि प्रयोग गरेको हुन्छ । समाख्याताले प्रश्नात्मक शैलीको प्रयोग गरेर पाठकसँग विवाद वा संवाद गर्न खोजेको होइन । यसले त पाठकलाई कथाभित्र समावेश गराउन मात्र खोजेको हो । त्यसैले समाख्याता पाठकलाई प्रश्न गर्दछ । यसरी आख्यानमा समाख्याताले विविध शैलीको प्रयोग गरी सारकथनलाई समावेश गरेको हुन्छ ।

यस्तो प्रत्यक्ष वा अप्रत्यक्ष दुबै किसिमको हुन सक्छ । आख्यानमा यो सारवाक्यका रूपमा प्रत्यक्ष रूपमा तथा विभिन्न वाक्य समूहभित्र वा समग्र पाठमा अप्रत्यक्ष रूपमा आएको हुन सक्छ । कतिपय अवस्थामा सारकथन प्रतीकात्मक रूपमा पनि आएको हुन सक्छ ।

## २.२ अभिमुखीकरण

आख्यानको दोस्रो खण्डमा अभिमुखीकरण खण्ड रहेको हुन्छ । यस खण्डले आख्यानमा बीजारोपणको काम गरेको हुन्छ । आख्यानको मूल घटना वा विषयवस्तु आरम्भ हुनु पूर्व त्यसको पृष्ठभूमि निर्माणको काम समाख्याताले गर्दछ जसलाई हामी अभिमुखीकरण भनेर चिन्छौँ । यस्तो अभिमुखीकरणमा समय, स्थान, व्यक्ति, क्रियाकलाप र अन्य पक्षहरू तथा अवस्थाहरू आएका हुन्छन् । यस खण्डमा समाख्याताले मूल विषय प्रस्तुत गर्नुपूर्व विविध परिवेशहरू क्रमैसँग व्याख्या गर्दै अगाडि बढ्दछ । यसमा सबैभन्दा पहिले परिवेशको बयान गरिन्छ । त्यसपछि आख्यानमा प्रयुक्त पात्र, समय, स्थान, अवस्था आदिलाई प्रस्तुत गरिन्छ । कतिपय कुराहरू त सारकथनमा पनि आइसकेका हुन्छन् जसले आख्यानको मूल विषयमा पृष्ठभूमि निर्माणको काम गरिसकेको हुन्छ । अभिमुखीकरणमा समय, स्थान, परिवेश, पात्रको परिचय आदि अवस्थाहरूको सूक्ष्म रूपमा चित्रण गरिएको हुन्छ । त्यसै गरी समाख्याताले आख्यानको प्रमुख पात्रको बारेमा विस्तृत जानकारी दिने काम गर्दछ । त्यस्तै यस खण्डमा मूल घटना घट्नुभन्दा पहिले के भइरहेको थियो भन्ने कुराको जानकारी दिदैं मूल कथाका लागि पृष्ठभूमि निर्माणको काम गरिन्छ ।

## २.३ जटिलतर कार्य वा घटना

अभिमुखीकरणभन्दा पछाडिको खण्ड तथा मूल कथाको खण्ड नै जटिलतर कार्य वा घटना हो । आख्यानमा मूल विषयवस्तु तथा मूल घटना/क्रियाकलापहरू मध्य भागमा आउने गर्दछन् । जुन घटनाहरू आउनका लागि यसभन्दा अगाडि आएका सारकथन तथा अभिमुखीकरणले पृष्ठभूमि निर्माणको काम गरिसकेका हुन्छन् । यस खण्डमा आख्यानको मूल समस्या प्रस्तुत भएको हुन्छ । कथाको प्रकृति हेरी समस्याहरूको आवृत्ति समेत हुन सक्छ । यस खण्डमा विशेष गरी द्वन्द्व, विशेष परिवेश, मानसिक क्रिया, दुर्घटना जस्ता अनेक किसिमका अवस्थाहरू आउँछन् । जसले आख्यानमा मूल घटनाको भूमिका निर्वाह गर्दछन् । यस खण्डले अघिल्ला खण्डहरूबाट पृष्ठभूमि निर्माण गर्दै आख्यानलाई एउटा निश्चित बिन्दुमा पुर्‍याई समापन तिर लाने काम गर्दछ । आख्यानको सारकथनमा उठाइएको समस्यामा केन्द्रित भई जटिलतर घटना अगाडि बढेको हुन्छ । आख्यान निर्माणका क्रममा अनेक किसिमका सम्भावनाहरू रहेका हुन्छन् । ती सम्भावनाहरू मध्ये एउटा निश्चित पक्षको चयन गरिन्छ किनभने त्यो पक्षले प्रस्तुत आख्यानले बताउन खोजेको आशय वा मूल विचार अर्थात सारकथनलाई सार्थकता दिन सक्छ ।

## २.४ परिणाम र निष्कर्ष

जटिलतर कार्य वा घटनाले कथालाई एउटा निष्कर्षमा पुर्‍याउँछ । यसबाट कथाको मुख्य विषयवस्तु समाप्त हुन्छ । मुख्य विषयको समापन भए पनि कथामा यस्तो केही कुरा भन्न बाँकी रहेको हुन्छ त्यो नै परिणाम हो । अर्को शब्दमा भन्नु पर्दा कथाले चरमोत्कर्ष प्राप्त गरिसके पछि त्यसबाट केही निष्कर्ष वा परिणाम निस्कन्छ । यो निष्कर्ष वा परिणामलाई पनि समाख्याताले कुशलतापूर्वक प्रस्तुत गर्दछन् । यस्तो परिणाम र निष्कर्षले पनि कथाको पूर्वपर प्रसङ्गलाई जोड्दै आफ्नो निश्चित संरचनाको निर्माण गर्दछ । परिणामको प्रसङ्ग आएपछि कथामा समापन(कोडा) को अवस्था आउँछ । कथालाई निश्चित लक्ष्यमा पुर्‍याई समापन तर्फ धकेल्ने कार्य परिणामले गर्दछ । यहाँसम्म आइपुग्दा समाख्याताले पाठकलाई समस्याको समाधान भइसकेको तर्फ सजगताका साथ प्रस्तुत गर्दछ । यसरी आख्यानको निष्कर्षमा यस्तो किसिमको संरचना तयार हुन्छ जसले जटिल घटनामा शिथिलता आइसकेको जानकारी पनि प्रस्तुत गरिएको हुन्छ । आख्यानमा शिथिलता आइसके पछि अब यस प्रकारको नतिजा आउँछ भनी पाठकले अनुमान पनि लगाउन सक्छन् । यस

खण्डले आख्यानका सम्पूर्ण पक्षहरूलाई निश्चित स्थानमा पुऱ्याउछ । यो खण्ड आख्यानका अन्य संरचक तत्त्वहरूलाई प्रभावित पार्दै अगाडि बढेको हुन्छ ।

२.५ मूल्याङ्कन

आख्यानको संरचनाको विश्लेषण गर्ने क्रममा विभिन्न संरचक घटकहरूको चर्चा हुने गरेको पाइन्छ । यस्ता घटकहरूको चर्चा भए पनि संरचनाको विश्लेषण गर्दा समाख्याताले यी कुराहरू किन भनेको हो भन्ने बारेका चर्चा भएको पाइदैन । यसै अभावको परिपूर्तिको लागि ल्याबोभले कृतिको संरचनाको अध्ययन गर्दा मूल्याङ्कन गर्नु पर्ने धारणा व्यक्त गरेका छन् । आख्यानभित्र निश्चित संरचना भएर बसेको नभए पनि मूल्याङ्कन महत्वपूर्ण पक्ष हो । यस अन्तर्गत विभिन्न किसिमका कुराहरू पर्दछन् ।

मूल्याङ्कनमा आख्यान प्रस्तुत गरेर वा आख्यानमा एउटा निश्चित विषय उठाएर लेखकले के पाउँछ त ? भन्ने कुराको अध्ययन गरिन्छ । त्यसै गरी कथाकारले उठाएको विषयलाई प्रस्तुत गर्ने विभिन्न तरिकाहरू छन् ती तरिकाहरूमध्ये किन कथाकारले यही तरिका छानेको हो ? समाख्याताले प्रस्तुत गर्दैमा कथा बुझ्न सकिदैन, यसका लागि त पाठक/श्रोता कतिको दक्ष छ ? त्यसमा पनि निर्भर रहन्छ र त्यसको पनि मूल्याङ्कन गर्नुपर्दछ । परम्परागत कथा भएदेखि त्यसकै निश्चित नियमअनुसार कथाको समाप्ति हुन्छ । उचित किसिमको समापन(कोडा) सोचेभन्दा बेग्लै र उत्तम किसिमको हुन्छ । प्रत्येक वाक्यहरूले निरन्तर रूपमा विषयवस्तुलाई अगाडि बढाइरहेका छन् भने तिनीहरू आत्मनिर्भर वाक्यहरू हुन् । कुनै पनि कुरा पुष्टि गर्नका लागि वाक्यहरूको क्रम रहेको हुन्छ । यसरी क्रममा रहेका सबै वाक्यहरू शक्तिशाली हुन्छन् र यिनीहरूले मूल कुरा पुष्टि गर्न प्रत्येक वाक्यहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् ।

यस खण्डमा घटना, समाधान, अभिमुखीकरण र कोडाको मूल्याङ्कन गरिन्छ । कुनै पनि कथा पूर्ण हुनका लागि त्यो अभिमुखीकरणबाट सुरु हुनु पर्दछ र मूलकथामा प्रवेश गरी समाधानमा पुगेर अन्त्य हुनु पर्छ । यसरी गरिएको मूल्याङ्कनले द्वितीय संरचना निर्माण गर्दछ । अर्थात अर्को समालोचनात्मक कृतिको रूप धारण गर्दछ । कथाको आन्तरिक बनावट र त्यसको क्रमको पनि संरचना हुन्छ र त्यो संरचनालाई पाठभित्रै गएर अध्ययन गरेर पूर्णता प्रदान गर्न सकिन्छ । यी सबै मूल्याङ्कनका आधार हुन् र यिनीहरूका आधारमा आख्यान कृतिको मूल्याङ्कन गरिन्छ ।

२.६ समापन (कोडा)

आधुनिक आख्यानमा प्राय : कोडाको प्रयोग गरिन्छ । यस्तो कोडा आख्यानमा परिणाम आइसकेपछि आउने गर्दछ । यसको स्वरुप र प्रवृत्तिका बारेमा ल्याबोभले विशेष चर्चा गरेका छन् । समापनले आख्यान समापन भएको जानकारी गराउँछ । यस्तो समापन अधिकांश ठाउँमा अपूर्ण पक्षका वाक्यहरूद्वारा गराइन्छ । समाख्याताले प्रस्तुत गर्ने आशय वा समाख्याताले पाठकलाई विशेष ठाउँ दिनका लागि असमापक/अपूर्ण वाक्यहरू दिइन्छ । समाख्याता प्रथम पुरुषको छ भने समापनको असर उसमा परेको हुन्छ । जस्तै : "झगडा भएपछि मलाई अफिसले बिदा दियो ।" कतैकतै कथाको मूल विषयवस्तुसँग सम्बन्ध नभएका वाक्यहरूद्वारा पनि कथा समाप्त गरिन्छ । समापनले आख्यानको अवस्था र हुनुपर्ने अवस्थालाई जोड्ने काम गर्छ । यसले समाख्याता र पाठक दुबैलाई सुरुको स्थानमा पुऱ्याउँछ । जटिल कार्यहरूको क्रमबद्धतालाई भङ्ग गर्ने कार्य समापनले गर्दछ । यसले घटनाहरूको सम्बन्ध समाख्यातासँग नरहेको जानकारी गराउँछ र घटनालाई भित्र छोपेर राख्ने काम गर्छ ।

## ३. सामग्री सङ्कलन तथा विश्लेषण विधि

प्रस्तुत अध्ययनका लागि पुस्तकालयीय पद्धतिद्वारा सामग्रीहरूको सङ्कलन गरिएको छ । यस अध्ययनमा प्राथमिक र द्वितीय गरी दुई स्रोतबाट सामग्रीहरूको सङ्कलन गरिएको छ । प्राथमिक सामग्रीका रूपमा गुरुप्रसाद मैनालीको *नासो* कथासङ्ग्रहभित्रको कर्तव्य कथा रहेको छ भने द्वितीय सामग्रीका रूपमा यस अध्ययनलाई सहयोग पुऱ्याउने आख्यानसंरचनाका सैद्धान्तिक आधार भएका पुस्तक, 'छिमेकी' कथासम्बन्धि गरिएका अध्ययन, लेख रचना आदि रहेका छन् ।

प्रस्तुत अध्ययनमा विलियम ल्याबोभद्वारा प्रस्तुत आख्यानसंरचनाका सैद्धान्तिक मान्यताका आधारमा गुरुप्रसाद मैनालीको 'छिमेकी' कथाको विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा निगमनात्मक विधिको प्रयोग गरिएको छ । निगमनात्मक विधिको प्रयोग गरी यस अध्ययनमा 'छिमेकी' कथामा रहेका तथ्यहरूको व्याख्या, वर्णन तथा विश्लेषण गरिएको छ ।

## ४. आख्यानसंरचनाका दृष्टिमा 'छिमेकी' कथा

प्रस्तुत अध्ययनमा गुरुप्रसाद मैनालीको 'छिमेकी' कथालाई आख्यानसंरचनाका संरचक घटकहरूका आधारमा विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा आख्यानसंरचनाका छ ओटा संरचक घटकहरूलाई आधार बनाइएको छ ।

### ४.१. सारकथन

'छिमेकी' कथाको विषयवस्तु छिमेकी-छिमेकी मिलेर बस्नुपर्छ, एक अर्कामा झगडा, कुटपिट गरेर समस्याको समाधान हुँदैन, बरु यसले समस्या निम्त्याउँछ भन्ने विषयमा केन्द्रित रहेको छ । यस विषयवस्तुलाई प्रस्तुत गर्न नेपालको पहाडी क्षेत्रमा पर्ने ज्यामिरे बेसीका किसानहरू गुमाने, धनजीते, धर्मानन्द पाध्ये, आशामरु साहू पात्रहरू उपस्थित गराई कथानक तयार पारिएको छ । यस कथामा छिमेकी-छिमेकी झगडा नगरी मिलेर बस्नुपर्छ, यदी सामान्य झगडा भएको छ भने पनि छिमेकीको महŒव बुझेर मिल्नैपर्छ भन्ने तत्कालीन समाजको आदर्श विचार प्रस्तुत भएको छ । 'छिमेकी' कथाको मूलकथ्यसँग मेल खानेकिसिमको सारकथन यस कथाको दोस्रो खण्डमा गुमानेका माध्यमबाट प्रस्तुत भएको छ ।

*परन्तु जब स्वास्नी समेत थला परी अनि गुमानेको चित्त रहन सकेन; विचार गऱ्यो-"यस्तै दैव लाग्छ र पो छरछिमेकी खोज्नु परेको, नत्र ओडारमा गएर बसे पनि त भो नि, जहाँ पनि बस्नै न हो ।" ( मैनाली,२०२०:१२)*

उल्लिखित कथांशमा गुमाने पात्रले छिमेकीको आवश्यकता र महत्त्वमाथि आफ्ना विचारहरू व्यक्त गरेको छ । उसको विचार र कथाले प्रस्तुत गरेको मूल आशयबिच मेल खान्छ । 'छिमेकी' कथामा सुरुदेखि अन्त्यसम्म छिमेकीको सम्बन्धबारे चर्चा गरिएको छ । यसमा छिमेकी-छिमेकीको झगडा भएको घटना र त्यसपछि बोलचाल बन्द भएको प्रसङ्ग आएको छ । यस कथाको दोस्रो खण्डमा गाउँमा आँठे नामक महामारी फैलिएको देखाइएको छ । यस महामारीको घटनाले गुमानेलाई उल्लिखित कथन बोल्न र व्यवहारमा सुधार गर्न बाध्य बनाएको छ ।

उल्लिखित कथनमा गुमानेले धनजीतेकी स्वास्नी र धनजीते दुबै थला परेपछि आफ्नो विचार परिवर्तन गरेको देखाइएको छ । उसको परिवर्तित विचार नै यस कथाको मूलकथ्य पनि हो । उसको यो आशय दैव

लाग्ने भएकाले छिमेकी चाहिने कुरामा केन्द्रित छ । यसको आशय विपत्तिलगायतका सम्पूर्ण समस्याहरू मानवीय जीवनमा आइपर्छन् त्यसैले छिमेकीहरूको आवश्यकता पर्दछ भन्ने हो । यस कथामा छिमेकीको आवश्यकता नपर्ने भए मानिस जङ्गलमै बसे हुन्थ्यो अर्थात् ओडारमा बसे हुन्थ्यो भन्ने विचार छिमेकी अतिआवश्यक छ भन्ने देखाउन आएको हो । गुमानेमाथि आइपरेको यस विपत्तिले उसलाई छिमेकी नभई बस्ननसकिने निचोड निकाल्न बाध्य बनाएको छ ।

यस कथाका अनुसार छिमेकी अतिआवश्यक छ । छिमेकी नभई अर्थात् छिमेकीसँग नबसी सुख छैन त्यसैले छिमेकी अपरिहार्य रहेको छ । छिमेकीको अपरिहार्यतामा र छिमेकी-छिमेकीको मिलापको विषयमा यो कथा केन्द्रित छ । कथाको केन्द्रीय विचारलाई उल्लिखित गुमानेको कथनले घुमाउरो तरिकाले पुष्टि गरेको छ र केन्द्रीय भावको पुष्टिसँगै यस कथाको सारकथन पनि आएको छ ।

४.२. अभिमुखीकरण

'छिमेकी' कथाको पहिलो भागको पहिलो अनुच्छेद र दोस्रो अनुच्छेदको दोस्रो वाक्यसम्मको खण्ड अभिमुखीकरणअन्तर्गत पर्दछ । यस खण्डले जटिल कार्य वा घटना सुरु हुनुपूर्व त्यसको पृष्ठमूमि तयार पार्ने कार्य गरेको छ । यस खण्डमा समय, स्थान, प्रमुख पात्रहरू तथा विषयको परिचय दिइएको छ ।

*असारको महिना थियो । दिउँसोका टण्टलापुर घामका मारे किसानहरू मेलो छोडेर चौतारामा बसेका थिए । कुलोमाथि चौतारो, कुलोमुनि आशामरु साहूको हिउँदे पसल त्यसमुनिज्यामिरे बेंसीको फाँट । निक्कै रमाइलो ठाउँ थियो । (मैनाली,२०२०:१०)*

अभिमुखीकरणको आरम्भमा आएको यस खण्डमा समयगत र स्थानगत परिचय दिइएको छ । यो समय र स्थान पछिल्लो घटना घट्ने पृष्ठभूमि बनेको छ । यसमा समयलाई पनि स्थुलबाट सूक्ष्म रूपमा ल्याइएको छ । यस कथाको आरम्भमा असारको महिना थियो भनेर सम्पूर्ण असारलाई बुभाए पनि कुन दिन, बार, गते जस्ता कुराहरू उल्लेख गरिएको छैन । तर यसलगत्तै आएको वाक्यले समयको सूक्ष्म रूपलाई प्रस्तुत गरेको छ र दिउँसोका टन्टलापुर घाम लागेको समयलाई बुझ्एको छ । यो समयगत चिनारी लगत्तै स्थानगत परिचय पनि छिमेकी कथामा पाइन्छ । स्थानको परिचय दिने क्रममा ज्यामिरे बेसीको फाँट माथिको आशामरु साहूको हिउँदे पसल भएको ठाउँको परिचय दिइएको छ । प्रस्तुत समय र स्थान कथाको मूल कार्यव्यापारका लागि उपयोगी ठाउँ र समय बन्ने कुरा पृष्ठमूमिको रूपमा आएको हो ।

'छिमेकी' कथाको आरम्भमा समय र स्थानको परिचय दिएपछि प्रमुख पात्र तथा उनीहरूको अवस्थाको परिचय दिइएको छ ।

*किसानहरू कोही पसलमा तमाखु किनेर कक्कड भर्न लागेका थिए । धर्मानन्द पाध्ये चौतारामा बसेर गफ चुट्दै थिए । गुमाने घर्ती हत्केलामा मुन्टो अड्याएर पल्टेको थियो । धनजीते भोटे पसलका डीलमा बसेर घुम बुन्न लागेको थियो । (मैनाली,२०२०:१०)*

उल्लिखित कथांशले 'छिमेकी' कथाका प्रमुख तीनजना पात्रहरूको सामान्य परिचय दिइएको छ । यहाँ उल्लिखित स्थान र समयमा कथाका प्रमुख पात्रहरू कसरी बसेका छन् भन्ने कुराको चर्चा गरिएको छ । असार लाग्ने समयमा नेपाली ग्रामीण किसानहरूको जस्तो अवस्था हुन्छ यहाँका पात्रहरूको पनि त्यस्तै अवस्था देखाइएको छ । दोस्रो अनुच्छेदको आरम्भमा धर्मानन्द पाध्येको केही विस्तृत परिचय दिइएको छ । धर्मानन्दको

परिचय र स्वभावको चर्चा गर्नुको कारण यसपछिको घटनामा त्यस स्वभावले महŒवपूर्ण भूमिका निर्वाह गर्ने सङ्केत पनि हो ।

यसरी 'छिमेकी' कथामा समय, स्थान, पात्र र अवस्थाको परिचय प्रारम्भमा दिइएको छ । जुन परिचयले कथाको जटिल कार्य वा घटना घटित गराउने पृष्ठमूमि तयार भएको छ । यसलाई अभिमुखीकरण भन्ने गरिन्छ ।

## ३. जटिल कार्य

'छिमेकी' कथाको जटिल कार्य पहिलो खण्डको दोस्रो अनुच्छेदबाट आरम्भ भई दोस्रो खण्डभरि फैलिएको छ । यस खण्डमा कथाको मूल कार्य वा घटना सम्पन्न भएको छ । यसमा गुमानेका गोरु धनजीतेको धानको बीउमा पस्छन् । यो घटनाको आरम्भ बिन्दु हो । यो घटनाले धनजीते रिसाउँछ र गुमानेका गोरुलाई लघारी लघारी पिट्न थाल्छ । पृष्ठभूमिमा उल्लेख गरिएअनुसार को स्वभावले प्रेरित धर्मानन्द पाध्ये गुमानेलाई उकास्न लाग्छ । यसै कारण कुनै पनि रिसिवी नभएका गुमाने र धनजीते कुटाकुट गर्न थाल्छन् । छिमेकी कथाको मूलकथ्य यहीबाट सुरु हुन्छ । यो घटनाक्रम दोस्रो खण्डको अन्तिमसम्म गुमानेले धनजीतेको ओढ्ने ओछ्याउने फेरिदिएर एकछिन नछोडेको अवस्थामा पुगेर समाप्त हुन्छ ।

'छिमेकी' कथाको जटिल घटना गुमानेका गोरु धनजीतेका बीउमा पसेपछिबाट आरम्भ भएको छ । गुमानेका गोरु धनजीतेको बीउमा पसेपछि धनजीतेले गोरुलाई लघारी-लघारी पिट्न थाल्छ । बीउबाट गोरु धपाइ सकेपछि पनि लघारी-लघारी पिट्न थालेपछि गुमाने रिसले आगो हुन्छ । दिनभरि जोत्नु पर्ने गोरु पिटेपछि गुमानेले गोरुले गरेको नोक्सानको बरु अर्मल तिर्न तयार भएकाले किन गोरु पिटेको भनी कड्कन्छ । बीउको अर्मलको कुरा सुनेर धनजीते अझ रिसाउँछ र गाली गर्न थाल्छ । यही मौकामा धर्मानन्दले उकास्छ र गुमानेले हात छोड्छ । धनजीतेले गुमानेलाई कुलामा पछार्छ भने गुमाने ढाक्रेहरूले चम्को लगाएको ढुङ्गो लिएर आइलाग्छ । तर धर्मानन्दले छेक्छ । त्यसपछि दुबैजना आमाबाबु, दिदीबहिनी सबैका इज्जत हुर्मत नरहने गरी बाझ्दै उकालो लाग्छन् । त्यस दिनदेखि उनीहरूको बोलचाल बन्द हुन्छ ।

'छिमेकी' कथाको दोस्रो खण्ड गाउँमा आँठे नामक महामारी फैलिएको प्रसङ्गबाट आरम्भ भएको छ । सुरुमै यस महामारीको लक्षण बताइएको छ । यसको समाधानका लागि गुमानेले गरेका मानसिक कार्यहरूको बयान गरिएको छ; गुमानेले जान्ने बसाएको छ । जान्नेले देवीदेवताको दोष देखाउँछ । गाउँका सबै मिलेर पूजा गर्छन् तर धनजीते आउँदैन । त्यसको पर्सिपल्ट गुमानेकी स्वास्नी थला पर्छे । बित्ने अवस्थामा पुगेर पनि ऊ बाँच्छे । त्यसपछि धनजीते र उसकी स्वास्नी थला पर्छन् । यस अवस्थामा उसको घर परिवारको विजोक देखाइएको छ । यो अवस्था देखेपछि गुमानेले अनेक विचार गर्छ । उसले छिमेकीको आवश्यकता र महŒवबारे महसुस गर्छ र अन्त्यमा धनजीतेको हेरचाहमा लाग्छ । यसरी छिमेकी' कथाको जटिल घटनाक्रम टुङ्गिन्छ । यो क्रम टुङ्गिएपछि प्रस्तुत कथा परिणाम तर्फ लाग्छ ।

## ४. परिणाम र निष्कर्ष

'छिमेकी' कथाको तेस्रो खण्ड परिणाम खण्ड हो । यसमा जटिल कार्यको नतिजा रहेको छ । यस कथाको मूल घटना धनजीतेलाई गुमानेले स्याहार सुसार गरेको घटनामा पुगेर टुङ्गिएको छ । यो कथालाई यहीँ टुङ्ग्याउन पनि सकिन्थ्यो तर गुमानेले गरेको यस कार्यको परिणाम पनि कथामा देखाउन आवश्यक थियो त्यसैले छिमेकी कथामा तेस्रो खण्ड राखिएको हो । यस खण्डको प्रारम्भमा गुमानेको परिवर्तित मानसिकताको परीक्षण गरिएको छ । यसका लागि समाख्याताले आशामरु साहूलाई उपस्थित गराएको छ । आशामरु साहूले गुमानेलाई पैसाको लोभ देखाई सहर जानलाई अनुरोध गर्छ । तर गुमाने अन्तर्मनले नै धनजीतेको सेवामा लागेको हुनाले छिमेकीको महŒव दर्शाउँदै आफू पैसाका पछि नलाग्ने कुरा बताउँछ । गुमाने र आशामरु साहूको खलबलले धनजीते आँखा उघार्छ र परिस्थितिको मूल्याङ्कन गर्दै धनजीतेले पनि गुमानेप्रति मित्रवत भाव राखेको अवस्थामा पुऱ्याएर टुङ्ग्याइएको छ । यस खण्डले कथाको सम्पूर्ण कुतुहलतालाई समाधान गरेको छ ।

## ५. मूल्याङ्कन

आख्यानको संरचनात्मक विश्लेषण गर्दा मूल्याङ्कनलाई पनि आधार बनाउँन सकिने कुरा ल्याबोभले गरेका छन् । यसरी आख्यानको संरचना केलाउँदा मूल्याङ्कन गर्ने पद्धतिले आख्यानको मूल्य निर्धारण पनि गर्दछ । आख्यानको मूल्याङ्कन गर्दा यसका संरचक घटकहरूको सम्बन्ध केलाउने र अर्थहरूको निर्धारण पनि गरिन्छ । यसले कथा वाचक, पाठक र श्रोता कतिको दक्ष छन् भन्ने कुराको खोजी पनि गरिन्छ । छिमेकी कथामा सम्बद्ध संरचक घटकहरूको सम्बन्ध र तिनीहरूको अर्थ निर्धारण निम्नानुसार गर्न सकिन्छ :

'छिमेकी' कथाको सारकथन छिमेकीहरू मिलेर बस्नु पर्छ भन्ने रहेको छ । यो सारकथन 'छिमेकी' कथाको मूल कथनमा आएको छ । मूल कथनमा आएको यो कथाको सारकथन गुमाने पात्रका माध्यमबाट आएको छ । एउटा पात्रका माध्यमबाट आए पनि यस कथनले 'छिमेकी' कथाको समग्र विषयवस्तु र भाव पक्षलाई समेटेको छ । यही विषयवस्तु र भावपक्षलाई पुष्टि गर्न यस कथामा अन्य संरचनाहरू आएका छन् । 'छिमेकी' कथाको अभिमुखीकरण खण्डमा समय र स्थानगत परिवेशको जुन किसिमको परिकल्पना गरिएको छ त्यो समय सन्दर्भ र प्रस्तुत कथाको भाव अनुरूप उपयुक्त रहेको छ । यस कथाको कथानकमा असारको महिना ल्याइएको छ जुन कथाको मूल कथनसँग मेल खाने किसिमको देखिन्छ । यस कथामा असारको महिनाको प्रसङ्ग नल्याएको भए गुमाने र धनजीतेको झगडा गराउने उपयुक्त कारण हुँदैन थियो । किसानहरूको सबैभन्दा मार्मिक कुरा भनेको असारको बीउ नष्ट गरिदिनु हो । समाख्याताले त्यही प्रसङ्गबाट कथा सुरु गरेको हुनाले पनि यो कथा उत्कृष्ट हुन गएको छ । यस कथामा आएका अन्य परिवेश तथा प्रसङ्गहरू पनि कथानकलाई सुहाउँने किसिमका रहेका छन् । यस कथामा जुन किसिमको गाउँले परिवेशको परिकल्पना गरिएको छ त्यो कथाको विषयवस्तु र कथानकअनुरूप उपयुक्त रहेको छ । यस विषयवस्तुलाई सहरी परिवेशमा सिर्जना गरिएको भए कथानक र भावअनुरूप प्रसङ्ग मिल्दैन थियो र कथाले यस किसिमको उत्कृष्टता प्राप्त गर्न पनि सक्दैन थियो । त्यसैले समाख्याताले यस कथाको अभिमुखीकरण खण्डलाई उपयुक्त किसिमले प्रस्तुत गरेको छ ।

'छिमेकी' कथाको जटिल घटना र यसका लागि प्रस्तुत अन्य संरचनात्मक घटकहरूको उचित संयोजन भएको छ ।

### ६. समापन

'छिमेकी' कथाको समापनमा पूर्वप्रसङ्गका विषयवस्तुलाई स्मरण गर्दै वर्तमान अवस्थालाई दर्साइएको छ । यो कथा समाख्याताले अगाडिका भएका घटनाहरूलाई तेस्रो पुरुष दृष्टिबिन्दुमा प्रस्तुत गरेको छ । त्यसैले यस कथामा भूतकालीन वाच्यत्व रहेको छ । भूतकालीन अवस्थाको चित्रण समाख्याताले गरे पनि अन्त्यमा आएर ऊ द्रष्टाको रूपमा रहेको छ र समाख्याताले अन्तिमको घटना देखेजस्तो गरी प्रस्तुत गर्दछ ।

*"धनजीते हिँडडुल गर्न थाल्यो गुमानेलाई एकछिन् छोड्दैन । वन, मेला-पात जहाँ गए पनि दुबैजना सँगै जान्छन् । आजकल कसैले गुमानेको बद्ख्याई गरेको सुन्यो भने धनजीते झगडा गर्न अघि सर्छ ।" ( मैनाली,२०२०:१३)*

प्रस्तुत कथनमा अहिलेको अवस्था देखाइएको छ । यस कथामा पहिले समाख्याता कथा वाचकका रूपमा मात्र उपस्थित रहेको थियो भने यहाँ आएर ऊ द्रष्टाका रूपमा पनि रहेको छ । समाख्याताले 'छिमेकी' कथाको समापन गर्दा गुमाने र धनजीते अर्थात दुई छिमेकीहरू एउटा निश्चित घटना पछि यस्तो परिस्थितिमा पुग्छन् कि उनीहरूको मित्रता अझ सुमधुर रहेर अगाडि बढ्छ । यो समापनले कथालाई यस्तो स्थितिमा पुऱ्याउँछ कि अब उप्रान्त उनीहरूको झगडा हुने स्थिति कहिल्यै पनि देखिदैन । यस कथनले प्रस्तुत कथालाई आरम्भको स्थितिमा पनि पुऱ्याउँछ र पाठकलाई पनि उनीहरू अब कहिल्यै पनि झगडा गर्ने छैनन् भन्ने कुरामा निश्चिन्त बनाउँछ।

### ५. निष्कर्ष

गुरुप्रसाद मैनालीको 'छिमेकी' नेपाली गाउँले जीवनमा आइपर्ने सामान्य वादविवाद तथा त्यसबाट उत्पन्न झगडालाई विषय बनाई लेखिएको कथा हो । यो कथाको आदिदेखि अन्त्यसम्मका घटनाहरू एकअर्कामा अनुक्रम मिलेर रहेका छन् । यस किसिमको अनुक्रम मिलेकै हुनाले प्रस्तुत कथा सबै किसिमका पाठकहरूका लागि बोद्य बनेको छ । यस कथामा आख्यानसंरचनाका संरचक घटकहरू एक अर्कामा मिलेर बसेका छन् । यी घटकहरू एकअर्कासँग छुटिएर नबसी एउटै मालामा उनिएर बसेजस्ता छन् । यस कथाको सारकथन छिमेकी छिमेकी मिलेर बस्नुपर्छ भन्ने देखाउनु रहेको छ । यही सारकथनलाई पूरा गर्न प्रस्तुत कथामा अभिमुखीकरण निर्माण गरिएको छ । यस कथाको अभिमुखीकरणमा आएका घटना, समय, स्थान तथा पात्रको परिचयहरूले यस कथाका परप्रसङ्गलाई प्रभावित बनाएका छन् । 'परालको आगो' कथाको मूल विषयलाई जटिल कार्यमा कुशलता पूर्वक प्रस्तुत गरी त्यसको परिणाम र निष्कर्ष निकालिएको छ । यस कथाको समापनमा सारकथनलाई प्रत्यक्ष रूपमा प्रस्तुत गरिएको छ । आख्यानसंरचनाका यी सम्पूर्ण पक्षहरूको अनुक्रम मिलेकै कारणले प्रस्तुत कथा सबै किसिमका पाठकहरूका लागि बोद्य बनेको छ । यसरी गुरुप्रसाद मैनालीको 'छिमेकी' कथा आख्यानसंरचनाका संरचक घटकहरूको उचित संयोजन भएका कारणले उत्कृष्ट कथा बन्न गएको छ । यस आधारमा गुरुप्रसाद मैनाली आख्यानसंरचनाको संरचक घटकलाई ध्--यानमा राखी कथा सिर्जना गर्ने कथाकार हुन् भन्न सकिन्छ ।

### ६. सीमाङ्कन

गुरुप्रसाद मैनालीद्वारा लिखित प्रस्तुत 'छिमेकी' कथा आख्यान विश्लेषणका विभिन्न पद्धतिहरूद्वारा व्याख्या विश्लेषण गर्न सकिन्छ । यस कथालाई अन्य पद्धतिबाट विश्लेषण गर्न सकिने भए पनि प्रस्तुत

अध्ययनमा विलियम ल्याबोभद्वारा प्रस्तुत आख्यानसंरचनाका आधारमा मात्र विश्लेषण गरिएको छ । आख्यानसंरचनाका संरचक घटकदेखिबाहेक अन्य आधारबाट प्रस्तुत कथाको विश्लेषण यस अध्ययनमा गरिएको छैन । गुरुप्रसाद मैनालीको छिमेकी कथालाई विलियम ल्याबोभले प्रस्तुत गरेको आख्यानसंरचनाका आधारबाट विश्लेषण गर्नु नै प्रस्तुत अध्ययनको सीमा रहेको छ ।

## सन्दर्भ सामग्री

त्रिपाठी, वासुदेव (२०३०), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग -२,* ते. सं.(२०४९), काठमाडौं : साझा प्रकाशन ।

जोशी, रत्नध्वज, (२०२५), *नेपाली कथाको कथा,* काठमाडौं : साझा प्रकाशन ।

ढकाल, चन्द्रप्रसाद, (२०७५), 'गुरुप्रसाद मैनालीका परालको आगो र नासो कथा', *वाङ्मय संहिता,* १/१, पृ. १५७ ।

मैनाली, गुरुप्रसाद (२०२०), *नासो,* सत्रौँ सं.(२०६२), काठमाडौं : माधवप्रसाद मैनाली ।

ल्याबोभ, विलियम, *ल्याङ्ग्वेज इन द इनर सिटी,* (ई. १९७२), अमेरिका : युनिभर्सिटी अफ पेनिसयल्भिना ।

लुइटेल, खगेन्द्रप्रसाद, (२०६२), *कविताको संरचनात्मक विश्लेषण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (२०५७), *नेपाली कथा भाग-४,* सम्पा.दो.सं.(२०६०), ललितपुर : साझा प्रकाशन ।